# कृषि सहकारी संघ संस्थाहरुलाई उपलब्ध गराईने अनुदान सम्बन्धी कार्यविधि २०७२

**पृष्ठभूमिः**

समुदायमा छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजिलाई एकत्रित गरि राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन तथा सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरण गरी सम्बृद्ध समाजको निर्माण गर्न सहकारी संघ संस्थाहरुको योगदान महत्वपूर्ण रहेको छ । सहकारी क्षेत्रको विकास र प्रवद्र्धनको लागि नेपाल सरकारले आ.व २०७२/७३ को बजेट वक्तव्यमा नेपाली अर्थतन्त्रको एउटा महत्वपूर्ण स्तम्भको रुपमा रहेको सहकारी क्षेत्रलाई ग्रामिण क्षेत्रमा रोजगारी सिर्जना, आयवृद्धि र गरिबी निवारणको कार्यमा अधिकतम परिचालन गर्ने साथै कृषि तथा पशुपालन, फलफुल तथा तरकारी उत्पादन, कृषि उपजको प्रशोधन, शीत घर निर्माण, साना तथा मझौला उद्योग, कृषि बजार प्रवद्र्धन जस्ता कृयाकलापहरु सन्चालन गर्न सहकारी संस्थाहरु, सहकारीमा आवद्ध किसानहरु, उद्यमीहरुको समूहलाई सहुलियतपूर्ण ऋण र पूँजीगत अनुदानको व्यवस्था गरिने उल्लेख गरिएको छ । कृषि नीति २०६१, कृषि प्रसार रणनीति, २०६३ ले बहुआयामिक कृषि प्रसार पद्धतीमा जोड दिने र कृषि सहकारीहरुले समेत आफ्नो दक्षताको क्षेत्रहरुमा प्रभावकारी रुपमा कृषि प्रसारका कार्यक्रमहरु सन्चालनमा परिचालन गर्न सकेमा विद्यमान कृषि प्रसार पद्धतीले करिब १५ प्रतिशत कृषकहरुमा मात्र पहुँच पुग्न सकेकोमा सोको सेवा परिधि समेत वृद्धि हुने देखिन्छ । देशभर रहेका करिब ३३,००० भन्दा वढी सहकारीहरु मध्ये अधिकांश कृषिसंग सम्बन्धित सहकारीहरु रहेका र कृषि सहकारीहरुको छाता संगठनको रुपमा राष्ट्रिय/केन्द्रीय कृषि सहकारी संघहरुको सन्जाल देशव्यापी रुपमा नै रहेको सन्दभमा प्रभावकारी रुपमा कृषि सम्बन्धी कृयाकलापहरु सन्चालन गर्न कृषि विकास मन्त्रालयले आ.व २०७२/७३ को बार्षिक कार्यक्रममा यस्ता संस्थाहरु मार्फत समेत कृषि विकासका कार्यक्रमहरु सन्चालन गर्नका लागि कार्यविधिको आवश्यता महशुस गरी नेपाल सरकार कृषि विकास मन्त्रालयबाट "कृषि सहकारी संघ संस्थाहरुलाई उपलब्ध गराईने अनुदान सम्बन्धी कार्यविधि २०७२" स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १
## नाम र परिभाषा

१.१ नामः यस कार्यविधिको नाम "सहकारी संघ संस्थाहरुलाई उपलब्ध गराईने अनुदान सम्बन्धी कार्यविधि २०७२" रहेको छ ।

१.२ परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१.२.१ "संस्था" भन्नाले यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्नका लागि योग्य कृषि सहकारी संघहरु/राष्ट्रिय कृषक सन्जालहरुलाई जनाउँछ ।

१.२.२ "केन्द्रीय/ राष्ट्रिय सहकारी संघ" भन्नाले सहकारी ऐन २०४८ अन्तगत दर्ता भई सन्चालनमा रहेका केन्द्रीय/ राष्ट्रिय सहकारी संघ संस्थालाई जनाउनेछ ।

१.२.३ "मूल्यांकन समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित मूल्यांकन समितिलाई जनाउने छ

१.२.४ "निर्देशक समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित निर्देशक समितिलाई जनाउने छ ।

१.२.५ "मन्त्रालय" भन्नाले कृषि विकास मन्त्रालयलाई जनाउनेछ ।

सचिव

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार

## परिच्छेद २

## अनुदान वितरण गर्ने आधार

२.१ कृषि सम्बन्धी कार्यहरुमा सन्चालन गरिरहेका र देश व्यापी वा देशका विभिन्न भौगोलिक क्षेत्रहरुमा सन्जाल रहेका राष्ट्रिय/केन्द्रीय सहकारी संस्था र राष्ट्रिय कृषक सन्जालहरुबाट प्राप्त प्रस्तावहरुको आधारमा मूल्यांकन समितिबाट सिफारिस भएका संस्थाहरुलाई अनुदान उपलब्ध गराईनेछ ।

२.२ कृषकहरुको क्षमता विकास तथा सहकारीहरुको संस्थागत सुदृढीकरण कार्यको लागि सहभागितामूलक कार्यक्रमहरु सन्चालन गर्न चालु खर्च अनुदान उपलब्ध गराउँदा सदस्यता संख्या, अन्तराष्ट्रिय तथा राष्ट्रियस्तरका सहकारी संगठनहरुसंगको संस्थागत आवद्धता, संस्थागत सुशासनको अवस्था, व्यवसायिक कारोबारको आयतन, बार्षिक साधारण सभा र लेखापरीक्षण सम्बन्धी नियमितता, बार्षिक कार्यक्रमको आयतन, रोजगारी सृजना र मानवीय संसाधनको अवस्थाका आधारमा संस्थाहरुलाई अनुदान सहयोग उपलब्ध गराइनेछ ।

२.३ उपलब्ध गराइने अनुदान रकम विल विजक र कार्य सम्पन्न प्रतिवेदनको आधारमा दुई किस्तामा भुक्तानी गर्न सकिनेछ ।

२.४ सम्झौता बमोजिमको काम पुरा नगर्ने सहकारी संघ/संस्था, सन्जाल लाई दोश्रो किस्ता रकम रोक्का गर्नुको साथै पहिलो किस्ता बापतको रकम असुल उपर गर्न प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

२.५ निर्माण कार्यका लागि स्वीकृत बजेट अनुसार अनुदान प्राप्त गर्ने सहकारी संघ संस्था वा निकायहरुले प्रचलित आर्थिक ऐन नियमको पालना गरी खर्च गर्ने र लेखापरिक्षण गराउने उत्तरदायित्व बहन गर्नुपर्नेछ । सम्बन्धित आर्थिक वर्षका लागि स्वीकृत बजेटको परिधि भित्र रहेर प्राविधिक समितिले सिफारिस गरे अनुसार मात्र अनुदान उपलब्ध गराउन सकिनेछ ।

२.६ सामान्यतया अघिल्लो आर्थिक वर्षहरुमा नेपाल सरकारबाट अनुदान सहयोग लिई सकेका संस्थाहरुलाई अनुदान सहयोग सूचिमा समाबेश गरिने छैन । तर कुनै सहकारीले अघिल्लो अनुदानको उपयोग गरी संस्थागत आयमा वृद्धि गर्नुका साथै स्थानीयस्तरमा रोजगारी सिर्जना गरी समुदायलाई उल्लेखनिय योगदान पुऱ्याएको छ भने त्यस्तो त्यस्ता संस्थाहरुलाई क्षमतावृद्धिमा सहयोग पुऱ्याउन अनुदान कार्यक्रममा पुन समावेश गराउन सकिनेछ ।

## परिच्छेद ३

## अनुदान वितरणको लागि सहकारी छनौट गर्ने विधि

३.१. यस कार्यविधि अनुरुप अनुदान रकम प्राप्त गर्न ईच्छुक एवं योग्य राष्ट्रियस्तर सहकारी संस्थाहरु/कृषक सन्जालहरुबाट दरखास्त आब्हान गरिने छ । कृषि विकास मन्त्रालयबाट राष्ट्रियस्तरको पत्रिकामा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ । सुचना प्रभावकारी बनाउन देशभरि प्रशारण क्षमता भएका रेडियो समेतको उपयोग गर्न सकिनेछ ।

३.२. यस कार्यविधि अनुरुप अनुदान रकम प्राप्त गर्न चाहने संस्थाहरुले आफनो निवेदन/दरखास्त सहित तोकिएको मिति भित्र कृषि विकास मन्त्रालय, योजना महाशाखा, कृषि सहकारी तथा गैर सरकारी संस्था समन्वय शाखामा उल्लेखित विवरण सहित प्रस्ताव पत्र दर्ता गराउनु पर्नेछ ।

## ३.३. अनुदान रकम

३.३.१ कार्यक्रम सन्चालानार्थ नेपाल सरकारको तर्फबाट यस आ.वमा विनियोजित बजेट रु. २,५०,००,०००/ (दुई करोड पचास लाख) मध्ये आवेदन साथ संलग्न प्रस्तावका आधारमा संस्थाको क्षमता र कार्यक्रमबाट हुने उपलब्धी वा प्रभावका आधारमा मूल्यांकन समितीले सिफारिस गरे बमोजिम अनुदान रकम यसै कार्यविधि बमोजिमको प्रकृया अनुसार भुक्तानी दिनेछ र आगामी आ.वमा विनियोजित बजेटको आधारमा आवश्यत्ता परे कार्यविधिमा मन्त्रालयस्तरबाट हेरफेर गरी कार्यान्वयन गरिनेछ ।

३.३.२ नेपाल सरकार, कृषि विकास मन्त्रालय मार्फत प्राप्त हुने अनुदान रकममा कम्तीमा १५ प्रतिशत रकम संस्थाले व्यहोर्नुपर्ने छ ।

३.३.३ प्राप्त अनुदान रकम नेपाल सरकार कृषि विकास मन्त्रालय र अन्तर्गतका सम्बन्धित कार्यक्रमहरुको प्रचलित ऐन, नियम निर्देशिका नम्र्स र आर्थिक ऐन, नियमको परिधि भित्र रहेर खर्च गर्नुपर्ने छ ।

३.३.४ उद्धेश्य विपरित अनुदान रकमको प्रयोग अन्य काममा गरेमा वा सम्झौता विपरितका कामहरु गरेमा सम्झौता गने सहकारी संघ संस्था वा सम्बन्धित अन्य निकायका पदाधिकारी र सन्चालक समिती व्यक्तिगत र सामुहिक रुपमा उत्तरदायी हुनेछन ।

## ३.४ प्रस्ताव मूल्याङ्कन गर्दा प्रयोग गरिने आधार

| क्र.सं. | मूल्यांकन आधार | अधिकतम अंक | प्रासांक |
|---|---|---|---|
| १ | संस्था स्थापना र सन्चालन भएको समयावधि | १० | |
| | १० वा सोभन्दा बढी आर्थिक बर्ष सन्चालनमा रहेको | १० | |
| | न्यूनतम ५ आर्थिक वर्ष पुरा भएको | ९ | |
| | ५ वर्ष भन्दा कम | ८ | |
| २ | साधारण सभा र लेखा परिक्षणको नियमितता | ५ | |
| | चालु आ.वको सम्पन्न गर्ने | ५ | |
| | अघिल्लो आ.वसम्मको सम्पन्न गर्ने | ४ | |
| | विगत २ वर्ष देखि नगरेको | ० | |
| ३ | सदस्यहरुको संख्या | १० | |
| | ५०० भन्दा बढी सदस्य वा कम्तीमा १०० संस्थाहरु आवद्ध रहेको | १० | |
| | ३०० - ४९९ सदस्य वा कम्तीमा ७५ संस्थाहरु आवद्ध रहेको | ९ | |
| | सो भन्दा कम | ८ | |
| ४ | कुल परियोजनामा लागत सहभागिता | १० | |
| | ७५ प्रतिशत भन्दा बढी | १० | |
| | ६० देखि ७५ प्रतिशत | ९ | |
| | ५० देखि ५९ प्रतिशत | ८ | |

| | | | |
|---|---|---|---|
| | २५ देखि ४९ प्रतिशत | ७ | |
| | सो भन्दा कम | ६ | |
| ५ | संस्थाको क्षेत्र | १० | |
| | देशव्यापी सन्जाल रहेको | १० | |
| | कम्तीमा ५० जिल्ला समेट्ने | ९ | |
| | कम्तीमा २५ जिल्ला समेट्ने | ८ | |
| | कम्तीमा १५ जिल्ला समेट्ने | ७ | |
| | सो भन्दा कम | ६ | |
| ६ | संस्थाको क्षमता (अनुभव, जनशक्ति अवस्था, पूर्वाधार अवस्था) | ५ | |
| | अनुभव, जनशक्ति अवस्था, पूर्वाधार अवस्था ३ वटा रहेको | ५ | |
| | अनुभव, जनशक्ति अवस्था, पूर्वाधार अवस्था कुनै २ वटा रहेको | ४ | |
| | अनुभव, जनशक्ति अवस्था, पूर्वाधार अवस्था मध्ये कम्तीमा १ वटा रहेको | ३ | |
| ७ | प्रस्तावको उद्धेश्य, कार्यक्षेत्र, व्यापारिक योजना (परिमाणमुखी नतिजा, मूल्य श्रृखलामा आवद्धता, सहभागीतामूलक) | ५० | |
| | अति उत्तम | ५० | |
| | उत्तम | ४०-४९ | |
| | राम्रो | ३०-३९ | |
| | ठिकै | २०-२९ | |
| | नराम्रो | ०-१९ | |
| | **कुल जम्मा** | १०० | |

### ३.५. प्रस्ताव मूल्यांकन समिति

यस कार्यविधि बमोजिम प्राप्त प्रस्तावहरु मूल्यांकन गरी अनुदान वितरणको लागि छनौट गर्ने कार्यमा देहाय बमोजिम एक मूल्यांकन समिति रहने छ । समितिले प्राप्त प्रस्तावहरुको अनुसूचि-२ बमोजिम मूल्यांकन गरी स्वीकृतिका लागि निर्देशक समितिमा पेश गर्नेछ। प्रस्ताव मूल्यांकनका लागि समितिले आवश्यक्ता अनुसार अनुगमन निरीक्षण गरी गराई प्रतिवेदन तयार गर्नेछ।

### ३.५.१ प्रस्ताव मूल्यांकन समितिमा रहने पदाधिकारीहरु:

कृषि सहकारी तथा गैर सरकारी संस्था समन्वय शाखा, प्रमुख - संयोजक
कृषि विकास मन्त्रालय, ऐन, कानुन परामर्श शाखा (उप सचिव, कानुन)- सदस्य
कृषि विकास मन्त्रालय, बजेट कार्यक्रम शाखाका अधिकृत प्रतिनिधी - सदस्य
कृषि विकास मन्त्रालय, अनुगमन तथा मूल्यांकन महाशाखाका अधिकृत प्रतिनिधी - सदस्य
कृषि विकास मन्त्रालय, आर्थिक प्रशासन शाखाको अधिकृत प्रतिनिधी- सदस्य
कृषि सहकारी तथा गैर सरकारी संस्था समन्वय शाखा, कृषि अधिकृत - सदस्य सचिव

### ३.६ प्रस्ताव निर्देशक समिति

प्रस्ताव मूल्याङ्कन समितिलाई आवश्यक निर्देशनको लागि देहाय बमोजिको एक निर्देशन समिति रहने छ ।

### ३.६.१ प्रस्ताव निर्देशक समितिमा रहने पदाधिकारीहरु:

सचिव, कृषि विकास मन्त्रालय अध्यक्ष

सह सचिव, अनुगमन तथा मूल्याङ्कन महाशाखा, कृषि विकास मन्त्रालय सदस्य
सह सचिव, योजना महाशाखा, कृषि विकास मन्त्रालय सदस्य
सह सचिव, नीति तथा अन्तराष्ट्रिय सहयोग समन्वय महाशाखा, कृषि विकास मन्त्रालय - सदस्य
सह सचिव, खाद्य सुरक्षा, वातावरण तथा तथ्याङ्क महाशाखा, कृषि विकास मन्त्रालय- सदस्य
सह सचिव, प्रशासन महाशाखा, कृषि विकास मन्त्रालय सदस्य
प्रमुख, कृषि सहकारी तथा गैर सरकारी संस्था समन्वय शाखा सदस्य सचिव

**३.७. अनुदान रकम प्रवाह प्रक्रियाहरुः**

३.७.१ अनुदानका लागि स्विकृत भएका सहकारीहरुलाई स्वीकृत रकम कृषि विकास मन्त्रालयबाट निकासा गरी अभिलेख राख्ने व्यवस्था गरिनेछ ।

३.७.२ अनुदानका लागि स्वीकृत भएका संघ संस्थाहरुले कार्यक्रम सन्चालन गरी त्यसको बील भपाई सहित सम्बन्धित कार्यक्रम सम्पन्न भएको प्रतिवेदन प्राप्त भएपछि सोको आधारमा आर्थिक ऐन नियम अनुसार निर्धारित रकमको बढीमा ५० प्रतिशत रकम पहिलो किस्ता उपलब्ध गराईनेछ ।

३.७.३ बाँकी ५० प्रतिशत रकम अन्तिम किस्ताको रुपमा निकासाको व्यवस्था गरिनेछ । मन्त्रालयले अन्तिम किस्ता भूक्तानी अघि आवश्यक्ता अनुसार निरिक्षण गरी प्रतिवेदन पेश गर्न कर्मचारी खटाउन सक्नेछ ।

३.७.४ मन्त्रालय मार्फत किस्तामा उपलब्ध हुने अनुदान रकम चालु आ.वको आषाढ २५ गते सम्म लक्षित कार्यक्रममा खर्च गरी बाँकी रहेको रकम मन्त्रालयमा फिर्ता गर्नुपर्ने छ ।

३.७.५ आर्थिक वर्ष समाप्त हुन अगावै सम्झौता बमोजिमको काम पुरा गरी अनुदान रकम निकासा हुन नसकी स्वीकृत बजेट फ्रिज भएमा कृषि विकास मन्त्रालय बाँकी रकम भुक्तानी गर्न जिम्मेवार हुने छैन ।

३.८ छनौट भएका संस्थाहरुले सन्चालन गर्न सक्ने कार्यक्रमहरु

- कृषि सम्बन्धी सचेतना कार्यक्रम
- कृषि र प्रविधि सम्बन्धी रेडियो कार्यक्रमहरु
- कृषि सहकारीहरुको संस्थागत एवं व्यवस्थापकीय क्षमता सुधार सम्बन्धी कार्यक्रमहरु
- कृषि सम्बन्धी तालिम कार्यक्रमहरु
- प्रशासन सुशासन र व्यवस्थापन सम्बन्धी तालिम
- लेखापालन र आन्तरिक नियन्त्रण प्रणाली लगायत लेखा परिक्षण सम्बन्धी तालिम
- तुलनात्मक लाभको क्षेत्रका उत्पादन सम्बन्धी व्यवसायिक तालिम जस्ता शिप विकास तालिम
- कृषि सम्बन्धी अवलोकन भ्रमण
- अन्तरक्रिया
- कृषि विकास सम्बन्धी बहस, पैरवीका कार्यक्रमहरु
- महिला, दलित, आदिवासी, जनजाती एवं पिछडिएका वर्ग/क्षेत्रका कृषकहरुको सशक्तिकरण एवं क्षमता अभिवृद्धिको कार्यक्रम

सचिव

उपरोक्त कार्यक्रमहरु संचालन गर्दा मन्त्रालय तथा अन्तर्गतिको सबै भन्दा नजिकको कार्यालयलाई समेत यथासम्भव सहभागी वा संलग्न गरी गरिनुपर्नेछ ।

## परिच्छेद ४

## अनुगमन, निरिक्षण तथा मूल्यांकन सम्बन्धी व्यवस्था

४.१. यस कार्यविधि अनुसार उपलब्ध गराइने अनुदान रकमको सदुपयोग भए नभएको बारेमा समय समयमा अनुगमन तथा निरिक्षण गरी सोको प्रतिवेदन कृषि विकास मन्त्रालयमा पेश गर्ने व्यवस्था मिलाइनेछ ।

४.२. कृषि विकास मन्त्रालय, सम्बन्धित विभाग, क्षेत्रीय कृषि निर्देशनालय एवं जिल्लास्थित कार्यालयहरुले आवश्यत्ता एवं कामको प्रकृति अनुसार कार्यक्रमको अनुगमन र मूल्यांकन गर्नेछन् ।

४.३. अनुगमन निरिक्षण तथा प्राविधिक सहयोगको क्रममा लाग्ने अनुगमन खर्च अनुदान प्राप्त गर्ने संस्थाले उपलब्ध गराउनुपर्ने छ । सो क्रममा दिईने अनुगमन दै.भ्र.भत्ताको दर नेपाल सरकारको प्रचलित नियमानुसार नै हुनेछ ।

४.४. अनुगमन तथा मूल्यांकनको प्रतिवेदन सम्बन्धित निकायमा पेश गरी प्रगति विवरण नियमित रुपमा कृषि विकास मन्त्रालय, योजना महाशाखा र अनुगमन तथा मूल्याङ्कन महाशाखामा पठाउनुपर्ने छ ।

## परिच्छेद ५

## विविध

५.१ कार्यविधिमा अस्पष्टता आएमा कृषि विकास मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

५.२ **संशोधन तथा खारेजीः** कृषि विकास मन्त्रालयले प्रस्तुत कार्यविधिमा आवश्यत्ता अनुसार संशोधन तथा विधि सम्मत खारेज गर्न सक्नेछ ।

सचिव